# पोखरा विश्वविद्यालय
## M.Pharm कार्यक्रमको छात्रवृत्तिसम्बन्धि सूचना

पोखरा विश्वविद्यालयअन्तर्गतका आङ्गिक (स्वीकृत भर्ना कोटाको २०%) तथा सम्बन्धनप्राप्त (स्वीकृत भर्ना कोटाको १०%) कलेज तथा शिक्षण संस्थाहरुमा देहायबमोजिमका विषयहरुमा देहायअनुसारको नि:शुल्क छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका विद्यार्थीहरुबाट दरखास्त आव्हान गरिएको छ । प्राप्तहुने सिट संख्यामध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

देहायअनुसारको नि:शुल्क छात्रवृत्तिबमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका विद्यार्थीहरुलाई पो.वि. छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ बमोजिम तेस्रो चरणको Scholarship Awarded List प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा वा सिट खाली रहेमा मात्र संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका र पो.वि. छात्रवृत्तिको मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुलाई बाँकी रिक्त कोटाहरुमा अध्ययनको लागि आवेदन माग गरिने छ । यसरी संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरुका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुला छात्रवृत्ति सरह उनीहरुको मेरिट लिष्टका आधारमा वितरण गरिने छ । साथै संस्थागत वा निजि विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरुका लागि निजले अध्ययन गरेको विद्यालय संस्थागत विद्यालय हो भनि प्रमाणित गरेको कागजात पेश गर्नु पर्ने छैन।

**१. छात्रवृत्तिको प्रकार:-**

**क)** खुल्ला छात्रवृत्ति **ख)** अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **ग)** स्थानिय छात्रवृत्ति **घ)** दलित छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** जनजाति छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति ।

**२. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता:**

छात्रवृत्तिको दरखास्तको लागि देहायबमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) सार्वजनिक/सामुदायिक/ नेपाल सरकारको अनुदान/संस्थागत/निजिमा संचालन भएको विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी पास गरेको हुनु पर्नेछ ।

(ग) M.Pharm कार्यक्रमको लागि B.Pharm मा न्यूनत्तम CGPA 2.5/4.00 (Grading System) or 55% (Percentage System) उत्तीर्ण गरेको हुनुपर्नेछ । स्नातकतह वा सो सरहको मान्यताप्राप्त शैक्षिक संस्थाबाट उत्तिर्ण भएको मितिले **३** बर्ष अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन ।

(घ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको जिल्ला र गाउँपालिकामा जन्मी सार्वजनिक/सामुदायिक/नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(ङ) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट र जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भएअनुसारको जातीहरु हुनुपर्ने छ ।

(च) स्थानिय छात्रवृत्तिको लागि आवेदन गर्ने उम्मेदवारहरु पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनु पर्नेछ ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**३. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यककागजातहरु:**

**३.१** सरकारी सामुदायिक विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेश गर्नु पर्नेछ:

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्लस टु र स्नातकतह अन्य परीक्षा बोर्डबाट उत्तिर्ण गरेकाहरुले राष्ट्रिय परीक्षा बोर्ड तथा त्रिभुवन विश्वविद्यालयबाट समकक्षताको प्रमाणित प्रतिलिपि,

(घ) प्रमाणपत्रतह वा दश जोड दुई तह वा स्नातकतह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(च) जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(झ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइतेका सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

३.२ संस्थागत वा निजि विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तहवा स्नातकतह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

**४.माथि भनिएका कागजातहरुको अतिरिक्त देहायबमोजिमको सिफारिस पत्र सक्कलै पेश गर्नुपर्ने छः**

४.१ उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) स्थानिय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले पोखरा महानगरपालिकाको स्थायीबासिन्दा भएको पोखरा महानगरपालिका कार्यालयबाट वा सम्बन्धीत वडा कार्यालयबाट

(ख) एसइइ वा एसएलसी उत्तिर्ण गरेको विद्यालय सार्वजनिक/सामुदायिक/नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका वा जिल्ला शिक्षा समन्वय समितिबाट

(ग) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जिल्ला समन्वय समिति वा नगरपालिका वा गाउँपालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

(घ) अपाङ्ग/घाइतेले अध्ययन गर्न दरखास्त दिने भएमा दर्ताबाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनि प्रमाणित गरेको सिफारिस

**५. फाराम वितरण** :२०७६/०५/०३ गते देखि

**६. दरखास्त दिने अन्तिम मिति** : २०७६/०५/२९ गते (कार्यालय समयभित्र)

**७.परीक्षा हुने मितिः** २०७६/०५/३१ गते विहान ११:०० वजे देखि २:०० बजेसम्म ।

**८.परीक्षाको किसिमः** लिखित (वस्तुगत)

**९.लिखित परीक्षाको समय** : तीन घण्टा ।

**१०.परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, पोखरा लेखनाथ ३०, ढुङ्गेपाटन, कास्की ।

११. लिखित परिक्षा लिईने विषयहरुः

(1) Pharmaceutics-34 (2) Pharmacology/Biopharmaceutics/Clinical Pharmacy-34 (3) Pharmacognosy/Natural Products Chemistry-34 (4) Pharmaceutical Chemistry/Medicinal Chemistry-34 (5) Pharmaceutical Jurisprudence/Other disciplines-14 परीक्षा दिनुपर्नेछ ।

**M.Pharm छात्रवृत्ति छनौंट समिति, २०७६**
**पोखरा विश्वविद्यालय**
**पोखरा–३०, कास्की**